
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ५७ पृष्ठ १० | काठमाडौं, बुधवार ११ असार २०८२ | आषाढ कृष्णपक्ष औंशी नेपाल संवत् ११४५ | WEDNESDAY, JUNE 25, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# कानुनको धज्जी, ठूला पालिकाले नै ल्याएनन् बजेट





अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ (३) मा भनिएको छ- गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगरसभामा पेस गर्नु पर्नेछ ।' कानुनले स्थानीय तहलाई बजेट पेस गर्ने समयसीमा स्पष्ट तोकेको छ । तर, काठमाडौं महानगरसहित केही ठूला पालिकाले कानुनी व्यवस्थाको उल्लंघन गर्दै तोकिएको समयभित्र बजेट ल्याउन सकेनन् । आन्तरिक किचलो र बजेट बाँडफाँटमा 'तेरोमेरो' भन्ने विवादका कारण स्थानीय तहहरू समयमा बजेट ल्याउन चुकेका हुन् ।

**सुनिता कार्की** | *काठमाडौं*
**केशरराज क्षेत्री** | *बुटवल*
**किशोर बुढाथोकी** | *विराटनगर*
**क्रान्ति साह** | *वीरगन्ज*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




–बासु क्षितिज–

## दृष्टिका प्रकाशक श्रेष्ठलाई उपस्थित हुन विशेषको आदेश




**काठमाडौं** (अन्नपूर्ण) : विशेष अदालतले दृष्टि साप्ताहिकका प्रकाशक तथा सम्पादकलाई अवहेलना मुद्दामा ३ दिनभित्र अदालतमा उपस्थित हुन आदेश दिएको छ। विशेष अदालतका सबै न्यायाधीश सम्मिलित पूर्ण इजलासले दृष्टिका प्रकाशक शम्भुलाल श्रेष्ठ, सम्पादक एमपी सुब्बा र संवाददातालाई ३ दिनभित्र इजलासमा आफैं उपस्थित हुन आदेश दिएको हो। विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा न्यायाधीशहरू तेजनारायण सिंह राई, रामबहादुर थापा, मुरारीबाबु श्रेष्ठ, रितेन्द्र थापा र विदुर कोइराला सम्मिलित ६ जनाको मंगलबार बसेको इजलासले यस्तो आदेश दिएको हो।

विशेष अदालतका सबै न्यायाधीश सम्मिलित ६ जनाको इजलासले यस्तो आदेश दिएको यो पहिलो घटना हो। 'विशेष अदालतमा बिचौलियाको चलखेल हटेन, सेटिङका मुद्दामा ३ महिनामै सफाइ' भन्दै दृष्टिले समाचार लेखेको थियो। आधारहीन तवरले समाचार लेखेको भन्दै अदालत प्रशासनले अदालतको अवहेलना गरेको भन्दै दृष्टि साप्ताहिक, त्यसका प्रकाशक, सम्पादक र संवाददाताविरुद्ध मुद्दा हालेको थियो। उक्त मुद्दाको सुनुवाइ गर्दै ६ न्यायाधीश सम्मिलित इजलासले उक्त मुद्दालाई फौजदारी लागतमा राख्न आदेश गरेको हो। अदालतले दृष्टिमा 'प्रकाशित र प्रसारित गरिएको समाचार सामग्री जे जुन अवस्थामा छ, सोही अवस्थामा राख्नू' भनेर पनि आदेश दिएको छ।

'निवेदन/प्रतिवेदन मागबमोजिम यस अदालतको अवहेलनामा किन कारबाही र सजाय हुनु नपर्ने हो ?,' विशेषले आदेशमा भनेको छ, 'यस अदालतको अवहेलनामा कारबाही र सजाय हुनु नपर्ने भए सोको आधार कारण र प्रमाणसहित यो आदेश र समाह्वान म्याद प्राप्त भएको मितिबाट बाटोको म्यादबाहेक ३ दिनभित्र र सो म्याद थाम्न थमाउनसमेत नपाउने गरी दृष्टि मिडिया प्रालिको हकमा कानुनबमोजिमको प्रतिनिधि र विपक्षीहरू शम्भुलाल श्रेष्ठ, एमपी सुब्बा तथा सम्बन्धित समाचारको संवाददाताको हकमा आफैं यस अदालतसमक्ष बयान गर्न उपस्थित हुनू।

## 'राइड सेयरिङ र सेल्फ ड्राइभ स्थगन नगर्नू'

### सर्वोच्चको अन्तरिम आदेश

**दिनेश गौतम** | *काठमाडौं*




सर्वोच्च अदालतले यातायात सेवामा प्रविधियुक्त सेवाको उपयोगलाई निर्वाधरूपमा अघि बढाउन र राइड सेयरिङ तथा सेल्फ ड्राइभ स्थगन नगर्न अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र महेश शर्मा पौडेलको संयुक्त इजलासले यातायात सेवामा स्वस्थ बजार प्रतिस्पर्धालाई खुला राख्दै प्रविधियुक्त सेवाको उपयोगलाई निर्वाध रूपमा अघि बढाउने बाटो खोलिदिएको छ। उपभोक्ता हित संरक्षण मञ्चका तर्फबाट अधिवक्ता जयप्रसाद पौडेलले दायर गरेको रिट निवेदनमा सुनुवाइ गर्दै सर्वोच्चले राइड सेयरिङ तथा सेल्फ ड्राइभ स्थगन नगर्न अन्तरिम आदेश जारी गरेको छ। बजारमा एकाधिकार कायम गर्ने यातायात सिन्डिकेटका कारण हुने हडतालका कारण सेवाग्राहीले सास्ती भोग्दै आएका छन्।

गण्डकी प्रदेश सरकारले निजी प्रयोजनका लागि दर्ता भएका दुई वा चारपाङ्ग्रे सवारीसाधनले पनि यात्रु ओसार्न पाउने गरी यातायात नियमावली बनाएको भन्दै गत जेठ महिनामा सिन्डिकेटधारी व्यवसायी विरोधमा उत्रिएका थिए। गण्डकी प्रदेश सरकारले वैशाख ३१ गते राइड सेयरिङसम्बन्धी नियमावली मन्त्रिपरिषद्बाट पारित गरेको थियो। गण्डकी प्रदेश राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ प्रदेशको राजपत्रमा जेठ १ गते प्रकाशन गरेको थियो। त्यसपछि सार्वजनिक यातायात व्यवसायी आक्रोशित हुँदै यातायात ठप्प पारेका थिए।

त्यसपछि सरकार र सिन्डिकेट पक्षधर व्यवसायी सम्मिलित कार्यदलबीच 'राइड सेयरिङ' नियमावली स्थगित गर्न गण्डकी सरकारलाई पत्राचार गर्ने सहमति भएको थियो। सोहीबमोजिम पत्राचार गर्ने प्रतिबद्धतापछि नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले यातायात बन्द फिर्ता लिएको थियो। सहमतिबमोजिम गत जेठ महिनामा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव कृष्णराज पन्तले प्रदेश सरकारलाई पत्राचार गरिएको थियो।

रिट निवेदक पौडेलले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निर्णय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पत्र र गण्डकी प्रदेश भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको कानुन कार्यान्वयन स्थगन गर्ने निर्णय यथास्थितिमा राख्न माग गर्दै अन्तरिम आदेश जारी गर्न माग गरिएको थियो। अधिवक्ता पौडेलले गण्डकी प्रदेश सरकारले जारी गरेको राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली २०८२ स्थगन गर्ने गरी गरेको निर्णयहरू तथा सोसँग सम्बन्धित सम्पूर्ण निर्णय पत्राचारहरू बदर गर्न माग गर्दै रिट निवेदन दायर गरेका थिए। रिट निवेदनमा मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, यातायात व्यवसायी राष्ट्रिय महासंघ, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गण्डकी प्रदेश, कास्कीलगायतलाई विपक्षी बनाइएको थियो।

रिट निवेदकसमेत रहेका अधिवक्ता जयप्रसाद पौडेलले यातायात सेवामा चक्रीय प्रणाली (सिन्डिकेट)को अन्त्य हुने गरी अन्तरिम आदेश भएको बताए।' यसअघि न्यायालयबाट भएका फैसला भए पनि अवज्ञा गर्ने काम सिन्डिकेट व्यवसायीबाट भएको थियो,' उनले भने, 'अत्यावश्यकीय सेवामा बन्द, हडताल गर्न नपाइने भए पनि सिन्डिकेट पक्षधरले चारदिन यातायात हडताल गरेका थिए। सरकारलाई बाध्य बनाएर सहमति गरेका थिए। सर्वोच्चको आदेशसँगै यातायात सेवामा प्रविधियुक्त यातायात सेवामा खुला प्रतिस्पर्धा गर्ने ढोका खुलेको छ। प्रदेशले बनाएको कानुनमा संघले हस्तक्षेप गर्ने कार्यमा पनि रोक लागेको छ।

## इरानबाट उद्धार गरिएका २ नेपाली दिल्ली पुगे

**काठमाडौं** (अन्नपूर्ण) : भारत सरकारको सहयोगमा इरानबाट उद्धार गरिएका दुई नेपाली मंगलबार भारतको राजधानी नयाँदिल्ली पुगेका छन्। युद्धका कारण समस्यामा परेका नेपालीमध्ये गणेशप्रसाद पोखरेल र सुमन गैरेलाई इरानस्थित भारतीय दूतावासद्वारा उद्धार गरेर नयाँदिल्ली ल्याइएको हो।

इरानमा रहेका १६ जना नेपालीमध्ये पाँचजना जेलमा रहेकाले बाँकी ११ जनाको उद्धार गर्ने तयारी भएको थियो। सोहीबमोजिम उनीहरू भारतले उद्धार उडान गरिरहेको इरानको मसाद सहरमा पुगेका थिए। भारतीयसँगै त्यहाँ पुगेका ११ जनामध्ये ९ जनाको इरानी कानुनअनुसार आवश्यक कागजात नभएका कारण उडान अनुमति नपाएको जानकारी नयाँदिल्लीस्थित नेपाली दूतावासले जनाएको छ।

बाँकी ९ जना स्वदेश फर्कन चाहने, भारतीय नागरिकसँगै मसादको एक होटलमा सुरक्षित रहेका र उनीहरूलाई भारतीय नागरिकसँगै उद्धार गरिने इरानस्थित भारतीय दूतावासले जनाएको छ। १६ जना नेपालीलाई पनि आफ्ना नागरिकको उद्धारका क्रममा ल्याइदिन परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले भारत सरकारसँग आग्रह गरेकी थिइन्।

## अमेरिकाले डिपोर्ट गरेका भुटानी शरणार्थीलाई नेपालले पनि डिपोर्ट गर्ने

**पार्थ मण्डल** | *झापा*



अमेरिकाले डिपोर्ट गर्दै मार्च २७ तारिखमा भुटानको पारो विमानस्थलमा पुर्‍यायो। भुटानले त्यहाँबाट भारत पठायो। भारतबाट अवैध बाटो हुँदै उनीहरू नेपाल प्रवेश गरे। यसरी नेपाल आएका चार जना भुटानी शरणार्थीलाई जरिवाना तिराएर भुटान नै फर्काइदिने निर्णय सरकारले गरेको छ।

अमेरिकाबाट डिपोर्ट भएका ३६ वर्षीय आशिष सुवेदी, ३१ वर्षीय सन्तोष दर्जी, ३६ वर्षीय रोशन तामाङ र ३० वर्षीय अशोक गुरुङ तीन महिनाअघि अवैध रूपमा झापा प्रवेश गरेका थिए। लगत्तै पक्राउ परेका थिए। पक्राउ परेका चारै जनालाई अध्यागमन कार्यालय काँकडभिट्टाले अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय काँकडभिट्टा राखेको थियो।

दमक नगरपालिका-३ बेलडाँगी शिविरमा बस्दै आएका आशिषका बुवा नारायणकुमार सुवेदीले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेका थिए। बन्दीप्रत्यक्षीकरणको रिटमा सुनुवाइ गर्दै सर्वोच्चका न्यायाधीशहरू बालकृष्ण ढकाल र नित्यानन्द पाण्डेयको इजलासले शरणार्थीहरूलाई स्थान हद तोकेर प्रहरी कार्यालयबाट स्थानान्तरण गर्न र ६० दिनभित्र अध्यागमन विभागलाई अनुसन्धान सक्न आदेश दिएको थियो। सर्वोच्चको आदेशले पक्राउ परेको २८ दिनपछि आशिष, सन्तोष र अशोक बेलडाँगीमा र रोशन मोरङ पथरी शनिश्चरेमा स्थानान्तरण भई हालसम्म बसिरहेका छन्। विभागले अध्यागमन कानुन उल्लंघन गरेको आरोपमा चारै जनालाई जनही ५-५ हजार जरिवाना गराउँदै नेपालबाट डिपोर्ट गर्ने निर्णय भएको अध्यागमन विभागका प्रमुख गोविन्द रिजालले जानकारी दिए।

विभागले उनीहरूको बारेमा शुक्रबार निर्णय गरेको हो। भुटानको राहदानी वा यात्रा कागजात पेस नगरेसम्म तोकिएको स्थान हदभित्र रहने गरी नेपालमै बस्न दिनेसमेत निर्णय भएको उनको भनाइ छ। यसबाहेक उनीहरूले भिसा शुल्क र ओभरस्टेको दैनिक ८ डलरका दरले शुल्क बुझाउनुपर्छ। 'विभागको निर्णयमा चित्त नबुझे उनीहरूका लागि अन्य कानुनी बाटोहरू पनि खुला छन,' रिजालले भने।

विभागले गरेको निर्णयको पत्र चारै जनाको हातमा थमाइसकेको अध्यागमन कार्यालय काँकडभिट्टाका प्रमुख तुलसी भट्टराईले बताए। 'कर्मचारी नै खटाएर सोमबार तीन जनालाई र मंगलबार एक जनालाई पत्र थमाइसकेका छौं। अब उनीहरू कति दिन त्यहाँ बस्ने हुन, त्यसबारेमा विभागले निर्देशन दिएपछि मात्र यहाँबाट प्रक्रिया अघि बढ्छ,' उनले भने।

डिपोर्ट भई बिना कागजात नेपाल प्रवेश गरेका सुवेदी, तामाङ र दर्जी दमक-३ बेलडाँगी शिविरबाट चैत १६ गते पक्राउ परेका थिए भने गुरुङलाई सशस्त्र प्रहरीले मेचीनगर नगरपालिका-४ स्थित मिलनटुङ सीमा नाकाबाट लुकिछिपी पैदल छिरिरहेको अवस्थामा चैत १९ गते पक्राउ गरेको थियो। पक्राउ परेका उनीहरूको साथमा नागरिकता, परिचयपत्र वा पासपोर्टलगायतका आवश्यक कागजातहरू केही पनि थिएन।

अमेरिकाले निष्कासन गरेका १० जना भुटानी शरणार्थीलाई भारतको दिल्ली हुँदै थिम्पुको पारो विमानस्थलमा मार्च २७ तारिखमा ओरालेका थिए। भुटानले उनीहरूलाई एक रात पाँचतारे होटेलमा राखेको थियो। भुटानले भोलिपल्ट उनीहरूलाई जनही भारु ३०/३० हजारको दरले खर्च थमाएर भारतीय नम्बरको ट्याक्सी भुटानमै बोलाएर रिजर्भ गरी भारत-भुटानको फुन्छ्योलिङ-जयगाउँ नाका पठाएको थियो। त्यहाँबाट उनिहरूलाई पूर्वी नेपालको काँकडभिट्टा-पानीट्यांकी नाकामा ल्याएर छोडिएको थियो। तीमध्ये चार जना नेपाल प्रवेश गरेका थिए।